~~~

**Series KMLN2**

**SET-4**

प्रश्न-पत्र कोड
Q.P. Code **17**

रोल नं.
Roll No.

[ ]

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

**नोट**

(I) कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **11** हैं।

(II) प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए प्रश्न-पत्र कोड को परीक्षार्थी उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें।

(III) कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में **11** प्रश्न हैं।

(IV) **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, उत्तर-पुस्तिका में यथा स्थान पर प्रश्न का क्रमांक अवश्य लिखें।**

(V) इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा। 10.15 बजे से 10.30 बजे तक परीक्षार्थी केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।

**NOTE**

(I) Please check that this question paper contains **11** printed pages.

(II) Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.

(III) Please check that this question paper contains **11** questions.

(IV) **Please write down the Serial Number of the question in the answer-book at the given place before attempting it.**

(V) 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the candidates will read the question paper only and will not write any answer on the answer-book during this period.

# नेपाली

# NEPALI

*निर्धारित समय : **3** घण्टे* | *अधिकतम अंक : **80***

*Time allowed : **3** hours* | *Maximum Marks : **80***
~~~

~~~

***General Instructions :***

*(i)* *This question paper is divided into **2** parts.*

*(ii)* *It has total **11** questions.*

*(iii)* ***Part One** : **3** questions no. **1** to **3**.*

*(iv)* ***Part Two** : **8** questions no. **4** to **11**.*

*Attempt questions as per specific instructions.*

*Write question no. in answer book before attempting it.*

***सामान्य निर्देश :***

*(i)* *यो प्रश्नपत्रलाई दुई भागमा बाँड़िएको छ।*

*(ii)* *यस प्रश्नपत्रमा जम्मा **11** (एघार) वटा प्रश्नहरू छन्।*

*(iii)* *भाग एकमा **3** (तीन) वटा प्रश्नहरू छन् जो प्रश्न संख्या **1** (एक) देखि प्रश्न संख्या **3** (तीन) प्रश्न संख्या सम्म राखिएको छ।*

*(iv)* *भाग दुइमा **8** (आठ) वटा प्रश्नहरू छन् जो प्रश्न संख्या **4** देखि **11** प्रश्न संख्या सम्म राखिएको छ।*

*विशेष निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख्नुहोस्।*

*उत्तर दिन अघि उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्नुहोस्।*

**भाग एक**

**(बहुवैकल्पिक प्रश्नहरू)**

**1.** निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नहरूका सही विकल्प छानेर उत्तर लेख्नुहोस्। *5×1=5*

मेरो सरकारी डेरादेखि मास्तिर नजिकै छ डोमाको घर। यहाँ आएपछि मैरै अनुरोधमा चौरीको एक किलो दूध पुऱ्याउन हरेक बिहान मकहाँ आउनु डोमाको प्रथम दैनिक कार्य भएको छ। फुर्सदको बेला म उसलाई नेपाली भाषा पढ्न र लेख्न सिकाउँछु। मलाई उ आफ्नो भाषा सिकाउँछे। स्थानीय पाठशालामा चौथो श्रेणीसम्म पढ़ेर स्कूल छाड़ेकी डोमा आफ्नो जमीनको आइफल बगानको हेरचाह र घरधन्दा गर्छे। मप्रति उसको अगाध आदर छ। उप्रति मभित्र पवित्र स्नेह छ तर उ तरुणी म तरुण। यसैले यो स्नेहले कुनै दिन प्रेमको रूप धारण गर्नसक्छ भन्ने नमीठो सन्त्रासले म पिरोलिन्छु, बिथोलिन्छु। यसमाथि पनि जब मेरो नजर डोमाको सुन्दर अनुहारमा पर्छ तब म अतीतको मनोरम दिनहरूमा पुग्छु। उसको अनुहार मेरो कलेज जीवनमा देखापरेकी निष्ठुरी संगीताको प्रतिबिम्ब तीता-मीठा क्षणहरूसित आत्मसात गर्दै जिउनुपर्ने यो जीवन र यो दूरत्वको आभास दिने यो अविस्मृत अतीत।
~~~

(i) डोमाको प्रथम दैनिक कार्य के थियो ?

(A) चौरीको एक किलो दूध पुऱ्याउन

(B) नेपाली भाषा पढ्न सिकाउनु।

(C) हरेक बिहान हातमुख धुनु।

(D) आइफल बगानको हेरचाह गर्नु।

(ii) आइफल बगानको हेरचाह र घरधन्धा गर्ने मान्छेको कोप्रति अगाध प्रेम छ ?

(A) डोमाप्रति।

(B) 'म' पात्रप्रति।

(C) संगीताप्रति।

(D) डोमा र 'म' पात्रप्रति।

(iii) 'म' पात्र कुन कारणले नमीठो सन्त्रासले पिरोलिन्छ, बिथोलिन्छ ?

(A) डोमाप्रतिको अगाध प्रेम टुट्न सक्छ भनेर।

(B) डोमा उसको घरमा आउन छोड्छे भनेर।

(C) डोमाप्रतिको स्नेहले प्रेमको रुप धारण गर्नसक्छ भनेर।

(D) डोमाले पाठशाला जान छोड़ी भनेर।

(iv) 'म' पात्रको मन कतिबेला अतीतको मनोरम दिनहरूमा पुग्छ ?

(A) जतिबेला उसले निष्ठुरी संगीतालाई भेट्छ।

(B) जतिबेला उ अतीतको यादहरूमा पर्छ।

(C) जतिबेला उ आइफलको बगानमा घुम्दै हुन्छ।

(D) जब डोमाको सुन्दर अनुहार उसको नजरमा पर्छ।

(v) अविस्मृत शब्दले के अर्थ बोकेको छ ?

(A) सम्झना आइनरहने ।

(B) सम्झना आइरहने ।

(C) कहिले नसम्झने ।

(D) सम्झिँदै नसम्झिने ।

**2.** निम्नलिखित कवितांश पढ़ेर सोधिएका प्रश्नहरूका सही विकल्प छानेर उत्तर लेख्नुहोस् । *5×1=5*

विचार पोखिन पाउनुपर्छ,
विचार आधुनिक विश्वको सुगन्ध हो
कसैले निभाउन नखोजे हुन्छ
दीपसमान विचारको प्रकाशलाई,
त्यही प्रकाश एकदिन शक्ति बन्नसक्छ ।
नरोक विचारका प्रवाह
त्यही विचार कठोर चट्टान बन्नसक्छ ।
भावना नमिलेको विचार विस्फोट भई
ज्वालामुखी भई फुट्नसक्छ
त्यही विस्फोटबाट विद्रोही जन्मन सक्छ ।
त्यसैले नरोक विचार-तरङ्ग अनि कलमको गति
त्यही कलम तरवार बनी एकदिन
भीषण क्रान्ति निम्त्याउन सक्छ
मानिसभित्र जन्मेको विचारले
विश्व हल्लाइदिन सक्छ ।

(i) कविले विचार विश्वको के हो भनेका छन् ?

(A) विचार। (B) प्रकाश।

(C) शक्ति। (D) सुगन्ध।

(ii) उक्त कवितामा केलाई निभाउन नखोजे हुन्छ भनिएको छ ?

(A) आधुनिक विश्वलाई।

(B) ज्वालामुखीलाई।

(C) दीपसमान विचारको प्रकाशलाई।

(D) विस्फोटलाई।

(iii) भावना नमिलेका विचारबाट के जन्मन सक्छन् ?

(A) चट्टान। (B) विद्रोही।

(C) ज्वाला। (D) विचार।

(iv) कलम के बनेर के निम्त्याउन सक्ने अनुमान गरिएको छ ?

(A) तरवार बनेर क्रान्ति निम्त्याउन सक्ने।

(B) क्रान्ति बनेर तरवार निम्त्याउन सक्ने।

(C) विचार बनेर तरङ्ग निम्त्याउन सक्ने।

(D) भावना बनेर ज्वालामुखी निम्त्याउन सक्ने।

(v) मानिसभित्र जन्मेको विचारले के गर्नसक्छ ?

(A) भावना हल्लाइदिन सक्छ।

(B) विचार हल्लाइदिन सक्छ।

(C) विश्व हल्लाइदिन सक्छ।

(D) तरवार हल्लाइदिन सक्छ।

**3.** निम्नलिखित बहुवैकल्पिक प्रश्नका सही विकल्प लेख्नुहोस्। *10×1=10*

(i) समास भनेको के हो ?

(A) शब्दहरूको मेल।

(B) वाक्यहरूको मेल।

(C) सन्धि।

(D) विग्रह।

(ii) न अर्थ = अनर्थ, न प्रिय = अप्रिय। – यी कुन समासका उदाहरण हुन् ?

(A) कर्मधारय समास। (B) तत्पुरुष समास।

(C) द्वन्द्व समास। (D) बहुव्रीही समास।

(iii) साधारण, उपमान, उपमित, मध्यलोपी, रूपक कुन समासका प्रकार हुन् ?

(A) बहुव्रीही समास। (B) द्वन्द्व समास।

(C) कर्मधारय समास। (D) द्विगु समास।

(iv) कर्ता कारकको विभक्ति चिह्न के हो ?

(A) लाई। (B) देखि।

(C) बाट। (D) ले।

(v) कारक: ______________ ।

(A) क्रियाका विभिन्न अवस्था।

(B) पुलिङ्ग र स्त्रीलिङ्ग छुट्याउने शब्द।

(C) नामका विभिन्न अवस्था र रुप।

(D) संज्ञाको सट्टामा आउने शब्द।

(vi) "ए नानी !" – यो कुन कारकको उदाहरण हो ?

(A) कर्ता कारक।

(B) सम्बोधन कारक।

(C) करण कारक।

(D) अपादान कारक।

(vii) भिन्नार्थक शब्दको अर्को नाम के हो ?

(A) समोच्चारित शब्द।

(B) प्रतिशब्द।

(C) विलोम शब्द।

(D) वाक्यसङ्क्षेप।

(viii) धेरै शब्दबाट सार खिचिएको शब्दलाई के भनिन्छ ?

(A) प्रतिशब्द।

(B) विलोम शब्द।

(C) अनेकार्थक शब्द।

(D) वाक्यसङ्क्षेप।

(ix) स्थानअनुसार अनेक अर्थमा प्रयुक्त हुने शब्द: ____________।

(A) पर्यायवाची शब्द।

(B) अनेकार्थक शब्द।

(C) विलोम शब्द।

(D) सम्प्रदान कारक।

(x) "रामले भोजन गर्‍यो।" – यस वाक्यमा 'रामले' कुन कारक हो ?

(A) कर्म कारक।

(B) करण कारक।

(C) कर्ता कारक।

(D) सम्प्रदान कारक।

## भाग दुई
## (वर्णनात्मक प्रश्नहरू)

**4.** निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस्। *3×2=6*

(i) निम्नलिखित वाक्यबाट उद्देश्य पद र विधेय पद छुट्याउनुहोस्।

(a) उ गयो।

(b) भाइ घरमा आयो।

(ii) निम्नलिखित वाग्धारालाई वाक्यमा प्रयोग गर्नुहोस्।

(a) आगो हुनु।

(b) ठहरै पर्नु।

(iii) निम्नलिखित तुक्काको अर्थ स्पष्ट बनाउनुहोस्।

(a) बड़ासँग लागे गुवापान, छोटासँग लागे नाक-कान।

(b) बाह्र छोरा तेह्र नाति बुढ़ाको धोक्रो काँधैमाथि।

**5.** निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस्।

(i) 'परालको आगो' कथामा रहेका कुनै चार पात्रका नाम लेख्नुहोस्। *2*

(ii) राती हुरी चलेको बेला कालेका बाबुले के-के काम गर्‍यो ? *2*

(iii) 'डा. नानो' कथामा डा. नानो किन विस्मय र पीड़ा लिएर प्रयोगशाला फर्किए ? *2*

(iv) 'मन' एकाङ्कीका पात्र भानुराजकी पत्नी र छोरा-बुहारीको नाम के हो ? *2*

(v) न रहे बाँस, न बजे बाँसुरी भनेर निबन्धकारले सोझा निबन्धमा के भन्न चाहेका छन् ? *3*

(vi) डा. नानोले तयार पारेको 'भ्रूण विकास केन्द्र' मा के-कस्ता कार्यहरू हुन्थे ? *3*

**6.** निम्नलिखित कुनै ***चार*** प्रश्नका उत्तर लेख्नुहोस्। *4×3=12*

(i) कविशिरोमणि लेखनाथ पौड्यालले तृष्णाको तुच्छ जालो मनबिच नभए के-के उज्यालो देखिन्छ भनेका छन् ?

(ii) 'यात्री' कवितामा कविले मानिसका शरीरका हाड़हरू, मांसपिण्ड, मस्तिष्क र इन्द्रियहरूलाई मन्दिरको के-केसँग तुलना गरेका छन् ?

(iii) 'आकाशका तारा के तारा' कविताको मूलभाव के हो ?

(iv) कविले हामीले खाने खानामा, फेर्ने प्रत्येक चालमा र खुशीको प्रत्येक पलमा शहीदको के छ भनेका छन् ?

(v) 'इस पढ्छु तेरो कविता' मा बिजुलीलाई, क्यासेटलाई, मेहेतरलाई र रुपियाँलाई के-के कामको जिम्मा दिइएको छ ?

**7.** निम्नलिखित प्रश्नका उत्तर लेख्नुहोस्।

(i) 'टोटलाको फूल' कथामा वर्णित कुनै चार पात्र का नाम लेख्नुहोस्। *2*

(ii) 'अन्तिम पात' कथामा कसले आफू मरेर भए पनि कसको ज्यान बचाएको छ ? *2*

(iii) (a) रने परिबन्धमा पर्नुका कुनै तीन कारण लेख्नुहोस्। *3*

**अथवा**

(b) मोतीले उसकी आमा लक्ष्मीलाई कुर्ता-सलवार किनिमाग्दा के भनेर सम्झाएकी थिई ? *3*

(iv) 'म' पात्रलाई टोटलाको फूल देख्नासाथ किन सोनामणिको याद आएको थियो ? *3*

**8.** निम्नलिखित प्रश्नमध्ये कुनै ***दुईवटा*** प्रश्नका उत्तर लेख्नुहोस्। *2×2=4*

(i) इन्द्रबहादुर राईको जन्म कहाँ भएको थियो ?

(ii) लक्खीदेवी सुन्दासका कुनै दुई कृतिको नाम लेख्नुहोस्।

(iii) राजेन्द्र भण्डारीले प्राप्त गरेका कुनै दुई पुरस्कारको नाम उल्लेख गर्नुहोस्।

**9.** तल दिइएका कुनै ***एउटा*** विषयमा 150 शब्दसम्मको चाखलाग्दो निबन्ध लेख्नुहोस्। *5*

(i) मलाई मनपर्ने खेल।

(ii) पर्यावरण।

**10.** (a) छात्रावासमा बस्ने आफ्नी बहिनीलाई 'ठूला-बड़ालाई सम्मान गर्नुपर्छ' भन्ने कुराको जानकारी दिंदै एउटा पत्र लेख्नुहोस्। *5*

**अथवा**

(b) आफू बसेको ठाउँमा धेरै दिनदेखि पानी नआएकाले पिउने पानीमा समस्या भएको कारण समाधानको निम्ति प्रमुख जिल्ला अधिकारीलाई एउटा निवेदन लेख्नुहोस्। *5*

**11.** निम्नलिखित वाक्यहरूलाई नेपालीमा अनुवाद गर्नुहोस् । *4*

(i) Shyam had gone to school.

(ii) To walk in the morning is healthy.

(iii) The children are not playing.

(iv) I did this with his permission.